## मनहरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

## सार्वजनिक सुनुवाई २०८०/८१

(मनहरी-१, मकरी)



# प्रतिवेदन

तयार पार्ने :

गाउँबेसी क्रिएसन प्रा. लि.

## १. पृष्ठभुमि :

स्थानीय निकायका पदाधिकारीहरु तथा सरोकारवाला नागारिक बीच हुने खुल्ला छलफल नै सार्वजनिक सुनुवाई हो । स्थानीय सरकारले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा तथा यसको प्रभावकारिताका बारेमा सार्वजनिक सुनुवाईमा छलफल हुने गर्दछ । सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि अनुसार छुट्टै विधि र प्रक्रियाबाट कार्यक्रम निर्देशित हुन्छ ।

सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारहरुलाई सार्वजनिक वस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरि कमी कमजोरी सच्याउने बाटोको निर्माण गर्दछ । मुख्यतः नागारिकप्रति उत्तरदायी बन्न सिकाउने एउटा गतिलो माध्यमको रुपमा सार्वजनिक सुनुवाईलाई लिने गरिन्छ । जहाँ सेवा प्रदायकले आफ्ना सेवाबारे उठेका विभिन्न प्रकारका समस्या र गुनासाहरु सुनेर आगामी दिनमा ती गुनासाहरुबारे पृष्ठभुमि लिँदै सेवा र सुविधामा सुधार गर्ने बाटो पहिल्याउनेछ ।

यस किसिमको छलफलले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका बिषयमा आम नागारिकहरुको सुचनामा पहुँचलाई मजबुत बनाउनुका सार्थ सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरिकको सहभागितालाई प्रबर्धन गर्दछ । यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका क्रियाकलापहरु जनअपेक्षाबमोजिम सञ्चालन गर्ने सस्कारको विका गर्नसमेत प्रेरित गर्दछ । गाउँपालिकाले गरेका कामको खुल्ला रुपमा गाउँपालिकाकै पदाधिकारी वा प्रतिनिधिसँग प्रत्यक्ष संवाद गरेर गुनासाहरु राख्न जो कोही सक्षम होउन् भन्ने कार्यक्रमको उद्धेश्य हो ।

यहि कुरालाई ध्यानमा राखी मकवानपुरको मनहरी गाउँपालिकाले नियमित रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै आइरहेको छ । गाउँपालिका आफैँले आयोजना र विभिन्न संघ/संस्थाहरुको समन्वयमा र सहजीकरणमा सार्वजनिक सुनुवाई हुदैँ आएका छ । यसै सन्दर्भमा मकवापुरको मनहरी-१ मकरीमा गाउँपालिकाको १ नम्बर वडाभर सञ्चाललित योजना तथा विभिन्न किसिमका कार्यसम्पादनका सम्बन्धमा २०८१ असार १९ गते सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरियो ।

गाउँबेशी क्रियशन प्रा. लि.ले संयोजन गरेको सार्वजनिक सुनवाई कार्यक्रममा उठेका सवाल, उत्तर र प्रतिबद्धताहरुलाई समेटेर यो प्रतिवेदन तयार पारिएको छ ।

## १.२ कार्यक्रमको उद्देश्य :

- नागरिकको भावना अनुसारको बजेट, निति कार्यक्रम निर्माण गरी कार्यन्वयन गर्ने ।
- न्युनतम शर्त तथा कार्य सम्पादन मापनको एउटा सुचकांक पुरा गर्ने ।
- सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।
- जवाफदेही संस्कार बसाउने ।
- नागारिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने ।

## २. बिधि

### २.१ आवश्यक समन्वय तथा प्रचार

गाउँपालिकाको सेवा क्षेत्रलाई समेटेर सम्पन्न भएको सार्वजनिक सुनुवाई कार्यक्रमबारे गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्षहरु, प्रमुख प्रशासकिय अधिकृत, गाउँपालिकाको कर्मचारी, वडा सचिव तथा बिषयगत कार्यालयहरुसँग समन्वय गरी कार्यक्रमको पुर्व तयारी तथा कार्यक्रमको जानकारी गराईएको थियो । सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाउनका लागि स्थानीय स्तरमा गाउँपालिकाको तर्फबाट तथा गाउँबेशी क्रियशन प्रा. लि. ले आफ्ना संयन्त्रहरुमार्फत सुचना तथा पत्राचार गरिएको थियो । सञ्चार माध्यमहरुलाई समेत सुचनाको माध्यमका रुपमा प्रयोग गरिएका थिए ।

### २.२ सुचना तथा राय संकलन

#### क) बहिर्गमन अभिमत

गाउँपालिकाको कार्यलय रजैयाबाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका सेवाग्राहीलाई सेवा लिइसकेपछि उत्पन्न हुने धारणा बुझ्ने प्रयत्न गरियो । यसका लागि गाउँपालिकाबाट सेवा लिएर बाहिरिएका नागारिकहरुबाट आकस्मिक नमुना छनौट विधि प्रयोग गरि ५० जनालाई बहिर्गमन अभिमत सुचना संकलन गरिएको थियो । त्यसरी संकलित अभिमतको नतिजा सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरियो । यसरी बहिर्गमन अभिमतका लागि छनौटमा परी अभिमत दिने सबै ५० जनालाई सार्वजनिक सुनुवाईमा भाग लिनका लागि निमन्त्रणसमेत सोहि सुचना सर्वेक्षण कार्यक्रमकै सिलसिलामा दिइएको थियो ।

#### ख) नागारिक प्रतिवेदन फारम

नागारिक प्रतिवेदन फारमको प्रयोग गरि गाउँपालिका अन्तर्गतका विभिन्न स्थानमा पुगी ५० जना सेवाग्राहीबाट सुचना संकलन गरिएको थियो । नागारिक प्रतिवेदनमा दलित, जनजाति, बालबालिका, महिला एवं पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो । संकलित सुचनाको बिश्लेषणलाई सार्वजनिक सुनुवाईमा विधिसम्मत ढंगले प्रवृत्ति देखिने गरि प्रतिशतमा ढालेर प्रस्तुत गरिएको थियो । गाउँबेशी क्रियशन प्रा. लि. का तर्फबाट प्रस्तुत गरिएका सो तथ्यहरु ज्ञानेन्द्र तामाङले प्रस्तुत तथा ब्याख्या गरेका थिए । विकास निर्माण तथा स्थानीय निकायले सम्पादन गर्ने अन्य विविध पक्षहरुबारे सम्बन्धित वडाहरुमा नै पुगेर गरिएको सर्वेक्षणका क्रममा भेटिएका नागारिकहरुलाई पनि सार्वजनिक सुनुवाई कार्यक्रममा निम्तो गरिएको थियो । निम्तो अनुसार उनीहरु सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी समेत भएका थिए ।

#### ग) नागारिक वडापत्र अनुसार सार्वजनिक सेवा प्रवाह सम्बन्धि अध्ययन

नागारिक वडापत्रमा उल्लेख गरिएको समय तालिका र विधि अनुसार सेवा प्रवाह भए नभएको जानकारी पाउनका लागि त्यसबारे गरिएको सर्वेक्षणमा पाइएको तथ्यहरुलाई पनि सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएको थियो ।

## ३. नतिजाहरु

### ३.१ बहिगमित अभिमत तथा नागारिक प्रतिवेदन पत्रमा सहभागीहरुको विवरण

बहिर्गमन अभिमतका लागि छनौट भएका ५० जना मध्ये ३३ जना पुरुष र १७ जना महिलाहरु थिए । नागारिक प्रतिवेदन पत्रमा सहभागी हुने ५० जना सहभागीहरुमध्ये ३० जना पुरुष र २० जना महिलाहरु थिए । यससम्बन्धि विस्तृत तथ्यांक यससाथ संलग्न गरिएको छ ।

## ४. सार्वजनिक सुनुवाई

### ४.१ सार्वजनिक सुनुवाई कार्यक्रम -

- कार्यक्रम सञ्चालन भएको मिति : २०८१ असार १९ गते ।
- कार्यक्रम सञ्चालन भएको स्थान : मनहरी गाउँपालिका वडा नं. १, मकरी ।

कार्यक्रम वडा नं. १ का वडाअध्यक्ष श्री शिव प्रसाद खनालको अध्यक्षता र गाउँपालिका अध्यक्ष श्री रञ्जन कालाखेती प्रमुख वक्ता भई बिहान ७ देखि १० बजेसम्म सञ्चालन गरियो । गाउँबेशी क्रियशन प्रा. लि. का शिवकुमार रिजालले सहजीकरण गर्नुभएको कार्यक्रममा पत्रकार ज्ञानेन्द्र तामाङले कार्यक्रमको उद्धेश्य प्रकाश पार्दै नागारिक प्रतिवेदन तथा बहिर्गमन अभिमत प्रस्तुत गर्नभएको थियो ।

**प्रमुख जवाफकर्ता : गाउँपालिका अध्यक्ष, रञ्जन कालाखेती**

**जवाफकर्ता** : गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगर, बरिष्ठ लेखा अधिकृत राजेन्द्र भट्टराई, शिक्षा शाखा प्रमुख प्रदिप पराजुली, स्वास्थ्य शाखा प्रमुख रामचन्द्र लम्साल, कृषि शाखा प्रमुख सर्मिला सुबेदि, गाउँ कार्यापालिका तथा वडा कार्यपालिका सदस्यहरु ।

**कार्यक्रमको उद्धेश्य :**

- न्युनतम शर्त तथा कार्य सम्पादन मापनको एउटा सुचकांक पुरा गर्न ।
- सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।
- जवाफदेही संस्कार बसाउने ।
- नागारिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने ।

गाउँबेशी क्रियसन प्रा. लि.

## सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने आचार संहिता

- सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।
- सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।
- सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।
- सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिकिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।
- आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।
- चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।
- सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।
- सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।
- सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।
- सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

४.२

**पहिलो चरण :**

मनहरी गाउँपालिका वडा नं. १ स्थित वडा कार्यालयको प्राङगणमा १ नम्बर वडाअध्यक्ष शिव प्रसाद खनालले अध्यक्षता गरेपछि प्रमुख जवाफकर्ताको रुपमा गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामी मगर, बरिष्ठ लेखा अधिकृत राजेन्द्र भट्टराई, बिषयगत शाखाका प्रमुख तथा अन्य कर्मचारी, जनप्रतिनिधिहरु तथा पत्रकारहरुलाई आसन ग्रहण गराई स्वागत गरियो । कार्यक्रम सञ्चालक शिवकुमार रिजालले सञ्चालन गरेको कार्यक्रमको उद्धेश्य र औचित्यका बारेमा पत्रकार ज्ञानेन्द्र तामाङलें उपस्थित सम्पुर्णलाई प्रस्ट पार्नुभयो ।

**दोस्रो चरण :**

गाउँपालिकाको समग्र सेवाबारे आम सेवाग्राहीको धारणा बुझ्न ग्रेटर गाउँबेशी क्रियशन प्रा. लि. ले गरेको सर्वेक्षणको नागरिक प्रतिवेदनर र बहिर्गमित अभिमतको प्रतिवेदन ज्ञानेन्द्र तामाङले प्रस्तुत गर्नुभयो । गाउँपालिकाको तर्फबाट बरिष्ठ लेखा अधिकृत राजेन्द्र भट्टराईले गत आर्थिक बर्ष तथा चालु आर्थिक बर्षमा गाउँपालिकाले गरेको बिकास निर्माण, सामाजिक बिकास, आर्थिक विकास तथा सम्पुर्ण गतिविधिबारे जानकारी गराउनुभयो ।

**तेस्रो चरण :**

तेस्रो चरणमा सवाल जवाफ कार्यक्रम राखिएको थियो । आफ्ना गुनासा राख्नका लागि समय पाएकाहरुले हात उठाएर पालैपालो आफ्ना गुनासाहरु राखेका थिए ।

**सहभागीले उठाएका प्रश्न र जवाफकर्ताले दिएको जवाफको संक्षिप्त अंशहरु :**

| क्र.स. | प्रश्नकर्ताको नाम र प्रश्न | जवाफकर्ताको नाम र जवाफ |
|---|---|---|
| १ | शारदा भण्डारी<br>बारीमा बाँदर आएर खेती सखाप पारेको छ, समाधान कसले गरिदिन्छ ? | कृषि शाखा प्रमुख संर्मिला सुवेदी<br>बाँदर देशभरीकै समस्या बनेको छ, बाँदरले नखाने बैकाल्पिक खेती गरे समस्या कम हुन्छ । |
| २ | जानुका पुडासैनी<br>खरको छानाको पहिलो किस्ता आयो तर ३ बर्ष भयो, दोस्रो किस्ता आएन । फाइल नै हरायो भन्छन । | प्राविधिक उत्तम उप्रेती<br>मापदण्डअनुसार काम भएन । घर छाउनुपर्नेमा पाली छाएको छ, डाँडाभाटा काठको हुनुपर्ने त्यो भएन ।<br>बरिष्ठ लेखा अधिकृत राजेन्द्र भट्टराई<br>पुरानो डाँडाभाटामा जस्ता हालेको पाइए त्यो कार्यविधिविपरित भयो, रकम पास हुदैंन । अरु समस्याबारे समाधान खोज्छौ । |
| ३ | नयन कुमार पाण्डे<br>प्रदेशको अनुदानमा काम गरेको, वडाको प्राविधिकले मुल्यांकन नगरिदिँदा भुक्तानी लिन पाइएन । | प्राविधिक उत्तम उप्रेती<br>स्टिमेटअनुसार ढुङगाको गारो हुनुपर्नेमा ब्लक लगाएको, फेरी ब्लकमाथि ढुङगा लगाएको पाइएपछि मापदण्डअनुसार नभएकोले मुल्यांकन नभएको हो । |

| | | |
|---|---|---|
| | | बरिष्ठ लेखा अधिकृत राजेन्द्र भट्टराई<br><br>विवाद गर्नुभन्दा समाधान के हुन्छ, विकल्प खोजौं । सेवाग्राही मारमा पर्नु हुदैन । |
| ४ | बिशाल लामा<br><br>चकरी मकरी लामिटार सडक नाम मात्र हुने भो ।<br><br>गोगनपानीको भ्यु टावर अलपत्र किन ?<br><br>मध्यवर्तीले बिकास निर्माण कार्यमा अवरोध किन पुर्याउँछ ?<br><br>मकरी खोलाको पुल कहिले बन्छ ?<br><br>बिद्यार्थीलाई छात्रबृत्तिको नामा मनलाग्दी रकम कि बाँडेको ?<br><br>बिकास निर्माणको काममा क्रसरको भन्दा गुणस्तरीय लोकल बालुवा किन प्रयोग गर्न नपाएको ?<br><br>नागरिक वडापत्र खै ? | गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती<br><br>चकरी मकरी लामिटार सडकका लागि साढे २ करोडको ठेक्का यसै बर्ष लाग्दैछ । सो सडक फराकिलो र ब्यवस्थित बनाउने काम तत्काल सुरु हुदैंछ । भ्यु टावरभन्दा जनताको दैनिकी आवश्यकतामा जोड दिएका थियौं, अब भ्यु टावरको लागि पनि बजेट ब्यवस्था गर्छु । चकरीमा पुलका निम्ति संघ र प्रदेशमा पहल भएको, यदि सुनुवाई नभए अर्को आ. व. मा पालिकाले बजेट हाल्छ ।<br><br>बरिष्ठ लेखा अधिकृत राजेन्द्र भट्टराई<br><br>गरिबसँग बिश्वेश्वर कार्यक्रम अन्तर्ग विपन्न विद्यार्थीलाई बिद्यालय र वडा कार्यालयको सिफारिसको आधारमा छात्रवृत्ति बाँडिएको हो । मनलाग्दि गरिएको छैन । विकास कार्यमा सफा बालुवा प्रयोग हुनुपर्छ, लोकल बालुवा प्राविधिक दृष्टिले अयोग्य हुन्छ ।<br><br>वडाअध्यक्ष शिव प्रसाद खनाल<br>वडा कार्यालयमा नागरिक वडापत्र नहुनु कमजोरी हो, तत्काल राख्छौ । |
| ५ | देवकी कुमार पौडेल<br><br>गुड्खा सुपारी रोकेजस्तै रक्सीमा पनि रोक लगाऔं, नत्र घरेलु रक्सी उत्पादनमा प्रोत्साहन दिएर प्रबर्दन गरौं ।<br><br>आरक्षलाई पनि सार्वजनिक सुनुवाईमा बेलाउनुपर्थ्यो ।<br><br>एसइइमा नतिजा राज्यकै कारण खस्कियो । | गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती<br><br>पालिकाले कुनैपनि रक्सी बिक्रि वा प्रयोगलाई प्रोत्साहन गरेको छैन । यस बिषयमा थप बोल्न जरुरी छैन । यो गाउँपालिको सेवा प्रवाहसम्बन्धि सार्वजनिक सुनुवाई भएकाले आरक्षलाई बोलाउन परेन । एसइईको नतिजा सुधार गर्न सबै पक्ष लाग्न जरुरी छ, पालिकाले गम्भीर रुपमा शिक्षा सुधारमा काम गर्नेछ । |

| | | |
|---|---|---|
| ६ | राममणी न्यौपाने<br><br>दुधमा दिएको ४ रुपैयाँ अनुदान किसानले किन पाएन ?<br><br>उपभोक्ता समिति कोठाभित्रै किन बन्छन ?<br><br>बाटोको नक्सा र बाटो मिलेको छैन । नक्सामा कतिपय मानिसका घर छन, समाधान कसरी हुन्छ ।<br><br>योजनाहरुको सुचनापार्टि राखेको देखिदैन । | गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती<br><br>दुधमा अनुदान दिने पालिकाको निर्णय हो । स्थानीय क्षितिज दुग्ध सहकारीको आन्तरिक हिसाब बिग्रेको पाइपछि भुक्तानी रोकिएको थियो तर पछि सबै भुक्तानी भइसक्यो ।<br><br>बरिष्ठ लेखा अधिकृत राजेन्द्र भट्टराई<br><br>उपभोक्ता समिति कोठामा बनाउन मिल्दैन, भेला बसेर सबैको सहमतिमा बन्नुपर्छ । ब्राटोको नक्सा र बनेका घरहरुबारेको समस्या सर्वपक्षीय रुपमा छलफल गरेर नापी कार्यालयमार्फत समाधान गरिनुपर्छ । सुचनापाटि राख्न बजेटकै ब्यवस्था हुने भएकाले यो अनिवार्य छ ।<br><br>वडा अध्यक्ष शिव प्रसाद खनाल<br><br>उपभोक्ता समिति खुल्ला रुपमै गठन गराउने गरेको छु, कसैले बन्द कोठामा गरेर ल्याउँछ भने मान्यता हुदैन । |
| ७ | चन्द्र बहादुर गोले<br><br>च्यापल खोलको पुलको मुनि ग्याबिन जाली हालेको मिलेन, यसबाट नजिकको बस्ती नै जोखिममा पर्यो, जति गुनासो गर्दा पनि सुनुवाई भए । | गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती<br><br>पुल निर्माण ठेक्का प्रणालीमार्फत गरिएको हो । अघिल्लो कार्यकालले स्विकृत गरेको डिपिआर परिवर्त गर्न मिलेन, त्यसै अनुसार ग्याबिन जाली राखिएको छ। बस्ती जोखिममा परेर समस्या भए थप के गर्न सकिन्छ अनुगमन गरेर पहल गर्छौं । |
| ८ | मनोहरी उप्रेती<br><br>दुध बेचेको पैसा ५ महिनादेखि आएन । कृषि बिशेष कार्यक्रम धेरै ल्याउनुपर्यो । गाँजाखेतीलाई प्रबर्द्धन गर्नपर्यो । | गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती<br><br>दुधको पैसा नपाउनु बिडम्बना, यसको दिर्घकालीन समाधानका लागि नेवारपानीमा रहेको दुग्ध डेरीसँग गाउँपालिकाले सम्झौता गर्ने तयारी हुदैंछ । पालिकाभरिको दुध संकलन गरेर सो डेरीमा खपत गराएर किसानका भुक्तानीको जिम्मा गाउँपालिकाले नै लिने योजना छ । |

| | | |
|---|---|---|
| ९ | सबिता घलान<br><br>स्वास्थ्य बिमा निशुल्क गर्ने भनिए पनि कार्यन्वयन भएन, बिमाको रिन्यु पनि गरिदिनुपर्यो । | स्वास्थ्य शाखा प्रमुख रामचन्द्र लम्साल<br><br>पालिकाभरि २००० जना बिपन्नलाई बिमा गराइएको छ । सबै जनताको बिमा गर्न बजेट अपुग छ । |
| १० | थप केहि गुनासाहरु :<br><br>रसायनिक मल अपुग हुन्छ, आवश्यकताअनुसार वितरण भएन ।<br><br>कृषि बिमा भएन, र क्षतिपुर्ति पनि पाइदैन ।<br><br>दलितलक्षित पैसा कहाँ के मा खर्च हुन्छ ।<br><br>सुत्केरीलाई एम्बुलेन्स निशुल्क भनिएपनि पैसा तिर्नपरेको छ ।<br><br>वडा अध्यक्ष कम्तीमा दिनको १ बजेसम्म वडा कार्यालयमा बस्नुपर्यो । | कृषि शाखा प्रमुख सर्मिला सुबेदी<br><br>रसायनिक मल वडागत रुपमा बाँडेर पठाउँछौ, विगतमा भन्दा थपेर आएको छ, पर्याप्त छैन । समाधानका निम्ति पहल गर्छौ । कृषि बिमाका लागि शिखर इन्सुरेन्समा सम्पर्क गर्नुहोला, क्षतिपुर्ति दाबी गरे निकुञ्जबाट पाइन्छ ।<br><br>स्वास्थ्य शाखा प्रमुख रामचन्द्र लम्साल<br><br>एम्बुलेन्स निशुल्क नै हो, पैसा लिएको भए बुझेर फिर्ता गराउनुपर्छ । वडा तथा जनप्रतिनिधिले समन्वय गरोस् ।<br><br>उपाध्यक्ष सीता पुलामी मगर<br><br>दलित लक्षित बजेट विभिन्न सीपमुलक तालिम चलाइएका छन, आरन सुधारका लागि सहयोग गरिएको छ । केहि थाहा नभएको भए गाउँपलिकामा सम्पर्क राख्नुहो ।<br><br>वडाअध्यक्ष शिव प्रसाद खनाल<br><br>विभिन्न कार्यक्रम वा जनताकै कामले गर्दा बाहिर जानुपर्ने भएकाले गएको हुन्छ, नत्र वडा कार्यालयमा बसेर जनताको सेवामै रहने गरेको छु । |

**कार्यक्रम समापन :**

कार्यक्रममा गाउापालिकाका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामी मगर, बरिष्ठ लेखा अधिकृत राजेन्द्र भट्टराई, शिक्षा शाखा प्रमुख प्रदिप पराजुली, स्वास्थ्य प्रमुख रामचन्द्र लाम्साल, कृषि शाखा प्रमुख सर्मिला सुवेदी लगायतले मन्त्रव्य राखेका थिए । कार्यक्रममा मनहरी गाउँपालिका १ नं. वडाका करिब ७० जनाको सहभागीता रहेको थियो । वडा नं.१ का वडाअध्यक्ष शिव प्रसाद खनालले कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिदैं मन्तव्यसहित कार्यक्रमको समापन गर्नुभयो ।

**राम्रा लागेका कुराहरु**


भवन बाटोघाटो राम्रो बनेको छ ।
कृषकलाई अनुदानमा कृषि सामाग्री दिएको एकदम राम्रो

**सुधार गर्नपर्ने**


वडा कार्यालयमा इन्टरनेट नियमित बनाउनुपर्यो
वडा अध्यक्ष कार्यालयमा भेट हुदैंन
निर्माण हुन बाँकी सडकहरु तत्काल निर्माण गर्नुपर्यो
चकरी खोलामा बर्खामा सवारी हिड्न गारो भयो, पुल बनाउनुपर्यो
जनप्रतिनिधि तथा कर्मचारी नितिनियममा बसेर काम नगरेको
मकरी खोलाको पुल ५ बर्ष हुदाँ पनि पुरा भएन

# नागरिक प्रतिवेदन

लैंगिक सहभागिता





जातीय सहभागिता




## १. सेवाको सन्तुष्टि

१.१ तपाईले यस कार्यालयबाट  समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?





१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?





## २ सेवाको नियमितता


२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्रप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?




२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?




२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?





२.४ कार्यलयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?




## ३. सेवाप्रतिको जनविश्वास


३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?





३.२ कार्यलयले प्रदान गरेको सेवा बारेमा अरुलाई जानकारी गराई कतिको प्रचार गर्नु भएको छ ?




३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?




३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?





## ४ सेवाको गुणस्तर


४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यलयले दिएको जनकारीबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?




४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?




४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?





## ५. सेवा सम्बन्धी जानकारी


५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?





५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ?




५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?




५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थित कति प्रतिशतसम्म हुने गरेको छ ?





५.५ जनप्रतिनिधि आएपछि काममा कतिको सुधार भएको छ ?




## ६ नागरिक बडापत्र/उजुरी पेटिका/ गुनासो सुन्ने अधिकारी सम्बन्धमा


६.१ तपाईको विचारमा सेवाग्रहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?




६.२ तपाईको विचारमा सेवप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?





६.३ तपाईको विचारमा उजुरी पेटीका उपयोग कुन हदसम्म भएको छ ?




**प्रश्नावली भाग - २ (नागरिक प्रतिवेदन पत्र)**

## १ सिफारिस सम्बन्धी


१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?





१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो ?




१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?




१.४ राजश्व, शुल्क तथा दशदुर को-कससंग उठाउने गर्दछन् ?





## २ पूर्वाधार तथा सरसफाई सम्बन्धी


२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?





२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथी कारवाही कतिको गरिन्छ ?




२.३ तपाईको विचारमा कार्यालयले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?





२.४ तपाईको पालिकामा विकास निमार्णको स्थिति कस्तो छ ?





२.५ सञ्चालन गरेका योजनाहरु कतिको प्रभावकारी छन् ?




२.६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?





२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?





२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कतिको पाउनु भयो ?




२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?




२.१० स्थानिय निकायको आचारसंहिता पालन भएको छ ?





२.११ योजना सञ्चालन गर्दा गाउँपालिकाबाट कतिको सहयोग पाउनु भएको छ ?




**३, यस कार्यालयको तल दिईका विविध पक्षहरुमा तपाईको कस्तो छ ?**


३.१ आर्थिक श्रोत कस्तो छ ?





३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?





३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?




३.४ गाउँपालिंका वा वडा कार्यालयको आम्दानि र खर्च सुचना पाटिमा टांसेको देख्नुभयो ?




३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ की छैन ?





३.६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?




## ४, पारदशिता सम्वन्धी


४.१ गाउँपालिकामा अहिलेसम्म यस बर्ष कतिवटा सार्वजनिक सुनुवाई सम्पन्न भए ?





४.२ गाउँपालिकामा अहिलेसम्म कतिवटा सार्वजनिक परिक्षण कार्यक्रम सम्पन्न भए ?





४.३ गाउँपालिकामा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?




४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कतिको कार्यान्वयन भएको छ ?





४.५ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?





४.६ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?



# बहिर्गमन अभिमत




लैंगिक सहभागिता
25
15
25
20
15
10
5
0
पुरुष (जनामा)
महिला (जनामा)





सेवाको किसिम (प्रतिशतमा)
30
14
6
30
10
10
30
20
10
0
सिफरिस लिन
दर्ता/नवीकरण
आर्थिक सहयोग
योजना माग/मुल्यांकन
सुचना प्राप्त गर्न
सुचनामुलक सामाग्री माग गर्न


### १. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?






### २. सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ?





### ३. तपाई प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?




४. सेवा प्राप्त गर्न आवश्यक सुचनाहरु (प्रमाण कागजात र शुल्क दस्तुर) बारे तपाईलाई सेवा प्रदायक कर्मचारीले स्पष्ट गरे कि ?
100%
50%
0%
86%
10%
अति स्पष्ट
ठिकै
अलमल हुने गरि अस्पष्ट सुचना दिए


५. तपाईले राख्नुभएको समस्यालाई के कस्तो समाधान दिए ?
100%
80%
60%
40%
20%
0%
0%
अति सजिलो तरिकाबाट समाधान दिए
ठीकै
समाधान दिन सकेनन्


६. सेवा प्रदान गर्न अपनाइएको प्रकृया के कस्तो लाग्यो ?
100%
100%
80%
60%
40%
20%
0%
0%
अति सजिलो
ठीकै
लामो र झन्झनटिलो

नागारिक प्रतिवेदन, बहिर्गमन अभिमत संकलन तथा सार्वजनिक सुनुवाई कार्यक्रम गर्दाका तस्वीरहरु :




















आज मिति.....२०८१... साल असा.१९ गते मनहरी गाउँपालिका वडा नं १ मकरीमा वडाध्यक्ष श्री शिवप्रसाद खनाल ज्यूको सभाध्यक्षता तथा मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीज्यूको प्रमुख आतिथ्यतामा गाउँपालिकाले आर्थिक बर्ष २०८०/८१ को दोस्रो चौमासिक अवधिमा कार्यान्वन गरेका कामकारबाहीहरुको सम्बन्धमा मनहरी गाउँपालिकाको आयोजना तथा गाउँबेसी क्रिएसन प्रा.लि.को सहजीकरणमा तपसिल बमोजिमको उपस्थितिमा सार्बजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ।

| क्र.सं. | नाम | ठेगाना/प्रतिनिधित्व | दस्तखत |
|---|---|---|---|
| १ | शिवप्रसाद खनाल | सभाध्यक्ष, १ नं वडाध्यक्ष, मनहरी गाउँपालिका | |
| २ | रन्जन कालाखेती | प्रमुख अतिथि, मनहरी गाउँपालिका अध्यक्ष | |
| ३ | सीता पुलामी मगर | बिशिष्ट अतिथि, मनहरी गाउँपालिका उपाध्यक्ष | |
| ४ | रमेश सुवेदी | प्रमुख प्रशासकीय अधिकृत, मनहरी गाउँपालिका | |
| ५ | राजेन्द्र भट्टराई | बरिष्ठ लेखा अधिकृत | |
| ६ | प्रदिप फलाजुली | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | |
| ७ | रामचन्द्र दाहाल | स्वास्थ्य शाखा प्रमुख | |
| ८ | दिपक ढकाल | वडा सदस्य - १ नं | |
| ९ | सानुकान्छी थलान | वडा सदस्य - १ नं | |
| १० | सर्मिला सुवेदी | कृषि विकास शाखा प्रमुख | |
| ११ | उत्तम उप्रेती | वडा नं. १ (सब-इन्जिनियर) | |
| १२ | पुजन लोपार्चे | वडा नं. १ सचिव | |
| १३ | उपेन्द्र चौधरी कुर्मी | कृषि प्राविधिक वडा नं. १-२ | |
| १४ | सन्तोष कुमार श्रेष्ठ | नायव पशु सेवा, प्राविधिक वडा नं. १-९ | |

| | | | |
|---|---|---|---|
| १५ | हरी चन्द्र बरौला | मनहरी-१ | [signature] |
| १६ | पदम ब. तामाङ | मनहरी-१ | [signature] |
| १६ | मिठु कुमारी पुलामी | मनहरी-१. | [signature] |
| १७ | अनिता ओझा | मनहरी-१ | [signature] |
| १८ | सावित्री घिमिरे | वडा अध्यक्ष, | सावित्री |
| १९ | [illegible] | नगरपालिका सदस्य | [signature] |
| २० | शारदा भण्डारी | मनहरी-१ | शारदा |
| २१ | ज्ञान ब. खड्का | मनहरी-१ | [signature] |
| २२ | खड्का ब. परियार | मनहरी-१ | खड्कब |
| २३ | भरत प्र. कोइराला | मनहरी-१ | [signature] |
| २४ | सुरेश पाण्डे | मनहरी-१ | [signature] |
| २५ | राम बा० थोकर | मनहरी-१ | राम |
| २६ | ध्रुव बाइब | मनहरी १ | [signature] |
| २७ | सोम ना. पुलामी | मनहरी १ | [signature] |
| २८ | विर ब. मुक्तान | मनहरी १ | [signature] |
| २९ | दिपक परियार | मनहरी १ | [signature] |
| ३० | दिपक भण्डारी | मनहरी १ | [signature] |
| ३१ | [illegible] थापा | मनहरी १. | [signature] |
| ३२ | अर्जुन भण्डारी | मनहरी १. | अर्जुन |
| ३३ | गणेश थापा | " १ | [signature] |
| ३४ | देवेन्द्र कुमार पौडेल | " " | [signature] |
| ३५ | उद्धव प्र. पुलामी | " " | [signature] |
| ३६ | दिपक पुलुन | " " | [signature] |
| ३७ | राजेन्द्र पुलामी | " " | [signature] |
| ३८ | बुद्धि बहादुर पुलामी | " | बुद्धि |

| | | | |
|---|---|---|---|
| ३९ | पाली | | |
| ४० | विष्णु प्र. सुवेदी | मनहरी ९ | [signature] |
| ४१ | राजाराम | ,, | [signature] |
| ४२ | सिन्धु कुमार जिम्बा | मनहरी-०९ | [signature] |
| ४३ | देवराज श्योपोन | ,, ,, | [signature] |
| ४४ | [illegible] माहर | ,, ,, | [signature] |
| ४५ | चन्द्र ब. गोले | ,, ५. | chandra. |
| ४६ | सुकुमान मुक्तान | ,, ,, | [signature] |
| ४७ | गोविन्द प्र. [illegible] | मनहरी ९. | [signature] |
| ४८ | भोलानारायण। हि. | ,, | [signature] |
| ४९ | अशोक कार्की | ,, | [signature] |
| ५० | कुलप्र पाण्डे | ,, | [signature] |
| ५१ | गणेश बोतोला | ,, | गणेश |
| ५२ | डिल ब. लामा | ,, | [signature] |
| ५३ | गोविन्द प्र. [illegible] | ,, | [signature] |
| ५४ | सुकप्रसाद | ,, | [signature] |
| ५५ | जयन्त क. पाण्डे | ,, | [signature] |
| ५६ | मेहदी उप्रेती | ,, | |
| ५७ | उपेन्द्र [illegible] | मनहरी - ९ | [signature] |
| ५८ | कमलकला अधिकारी | ,, | [signature] |
| ५९ | रामवती [illegible] | ,, | [signature] |
| ६० | अरुणा पराजुली | मनहरी-९ | [signature] |
| ६१ | अमर बा० [illegible] | मनहरी-९ | अमर |
| ६२ | किरण थापा | ,, | [signature] |
| ६३ | विशाल [illegible] | ,, | [signature] |

| | | | |
|---|---|---|---|
| ६४ | प्रितु माया लि. | मजदुरी १ | [signature] |
| ६५ | भानुका पुडासैनी | " | [signature] |
| ६६ | चन्द्रकली खत्री | " | [signature] |
| ६७ | भारती कुँवर | स्वास्थ्य आधारभूत स्वास्थ्य | [signature] |
| ६८ | राम ब. घलान | मजदुरी - ०१ | राम |
| ६९ | सबिता घलान | मजदुरी १ [illegible] | [signature] |
| ७० | मञ्जु पौडेल | " | [signature] |
| ७१ | मान ब. गौले | मजदुरी - ०१ | मान |
| ७२ | श्याम प्र. ख्याँने | " १ | [signature] |
| ७३ | सुमन पौडेल | | [signature] |
| ७४ | सुजित दाहाल | मजदुरी १ मजदुरी | [signature] |
| ७५ | प्रमोद मुक्तान | मजदुरी १ मजदुरी | [signature] |
| ७६ | [illegible] | मजदुरी १ मजदुरी | [signature] |
| ७७ | रबिन्द्र [illegible] | नि.क. ३१ | [signature] |
| ७८ | आर्मिला न्यौपाने | मजदुरी ०१, कार्यालय सहयोगी | [signature] |
| ७९ | ज्ञानेन्द्र लामा | मजदुर | [signature] |
| ८० | अनुप मिश्र | मजदुरी १ मजदुरी | [signature] |
| ८१ | विनोद दुगाना | नगर प्रहरी | [signature] |
| ८२ | माधव श्रेष्ठ | मजदुरी १ | [signature] |
| ८३ | बाबु कृष्ण | परिवार मजदुरी १ | बाबु |
| ८४ | शिवकुमार कार्की | गाउँपालिका कार्यालय | [signature] |
| ८५ | ज्ञानेन्द्र लामा | " " | [signature] |
| ८६ | जनार्दन मुक्तान | " " | [signature] |
| ८८ | राजकुमार भाइखोजा | " " | [signature] |
| ८९ | दोर्जे लामा | " " | [signature] |
| ९० | सबिता भण्डारी | " " | सबिता